# ‘राधा’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन

सञ्जीमाया तामाङ

परीक्षा क्रमाङ्क :-२३३००१५/२०७०

त्रि.वि दर्ता नं. :- ९-२-६३८-४२-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षशास्त्र सङ्काय, नेपाली भाषा

शिक्षा विभाग अर्न्तगत सिन्धुली बहुमुखी क्याम्पस,

स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्षको

नेपा.शि. ५९८ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

**२०७३/२०१६**

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुलीमाडी

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको ने.पा. ५९८ पाठयांशको प्रयोजनार्थ **राधा उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र सञ्जीमाया तामाङले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रम र लगनशीलताका साथ तयार गर्नु भएको प्रस्तुत अध्ययन सन्तोषजनक भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : सन् २०१६

शोधनिर्देशक

भानुभक्तगुरुङ
(उपप्राध्यापक)

नेपाली शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

# कृतज्ञताज्ञापन

सिन्धुली बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा. शि. ५९८ को पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत शोधपत्रको शीर्षक **'राधा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** रहेको छ । उक्त शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह, सुझाबका साथै शोधपत्रलाई यस स्वरुपमा ल्याउन स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख उपप्राध्यापक श्री अर्जुनप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधलाई पूर्णता दिन आफ्नो कुशल निर्देशनद्वारा मार्ग निर्देश गर्नुहुने शोधनिर्देशक गुरु उपप्राध्यापक श्री भानुभक्त गुरुङप्रति कृतज्ञताज्ञापन गर्दछु । यसैगरी नेपाली भाषा विभागका गुरु उपप्राध्यापक श्री कृष्णप्रसाद निरौलाप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी क्याम्पस प्रमुख मिमप्रसाद घिमिरेमा पनि हार्दिक आभार प्रकट गर्दछु । यस शोध अध्ययनका क्रममा मलाई सहयोग गर्नुहुने मेरा सहपाठी मित्रहरुमा पनि धन्यवाद प्रकट गर्नु मेरो कर्तव्य हो । मेरो यस अध्ययनलाई यहाँसम्म ल्याइपुऱ्याउन अमूल्य योगदान र प्रेरणा प्रदान गर्नुहुने मेरा परिवारका मान्यजनहरुमा पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु भने मायाका पात्रहरुलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई कडा परिश्रमका साथ टाइप गरिदिनुहुने शब्दाञ्जली अफसेट प्रेस सिन्धुलीलाई पनि स-धन्यवाद दिदै आवश्यक मुल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष पेश गर्दछु ।

सन्जीमाया तामाङ

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# शोधसार

**शोधशीर्षक :** राधा उपन्यासको शैलीवैज्ञानिक अध्ययन

**शोधार्थीको नाम :** सन्जीमाया तामाङ

**शोधनिर्देशक :** उपप्राध्यापक भानुभक्त गुरुङ

**शैक्षिक वर्ष :** २०७०

**क्याम्पस/विभाग :** सिन्धुली बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग

**अध्याय :** पाँच

**पृष्ठसङ्ख्या :** ९+६८+३

## शोधको समस्या

आधुनिक नेपाली उपन्यासका एक चर्चित उपन्यासकार कृष्ण धारावासीको 'राधा' उपन्यासमा प्रयुक्त कथानक तथा पात्रलाई प्राज्ञिक समस्या बनाइएको हुँदा प्रस्तुत शोध निम्नलिखित समस्यामा आधारित रहेको छ :

१) शैलीवैज्ञानिक दृष्टिमा 'राधा' (२०७०) उपन्यासमा के-कति र कस्ता पात्रहरूको प्रयोग गरिएको छ ?

२) शैलीवैज्ञानिक दृष्टिमा कथानकीय तथ्याङ्क कस्तो रहेको छ ?

२) औपन्यासिक तत्वका आधारमा पात्र विधान कस्तो रहेको छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यलाई पूर्णता दिन माथि उल्लिखित समस्यामा केन्द्रित रही यस शोधका उद्देश्यहरुलाई निम्नानुसार निर्धारण गरिएको छ :

क) शैलैवैज्ञानिक दृष्टिले 'राधा' (२०७०) उपन्यासका पात्रहरुको प्रयोग अवस्था पत्ता लगाउनु,

ख) शैलीवैज्ञानिक दृष्टिमा कथानकीय तथ्याङ्क प्रस्तुत गर्नु,

ग) पात्रहरुको शैलीवैज्ञानिक चारित्रिक भूमिका अध्ययन गर्नु ।

## अध्ययनको औचित्य र महत्व

पात्रविधान सम्बन्धी प्रचलित शैलीवैज्ञानिक सैद्धान्तिक मान्यताका परिप्रेक्ष्यमा प्रस्तुत उपन्यासमा प्रयुक्त कथानक र पात्रहरुको अध्ययन-विश्लेषण गर्नु यस शोधको मूल उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनमा कथानक र पात्रहरुको सैद्धान्तिक व्याख्या-विश्लेषण गर्दै सोही

आधारमा विश्लेषण गरिएको छ। साथै यसबाट पात्रविधान र कथानकसम्बन्धी अध्ययन गर्न चाहने अध्येता र अनुसन्धानकर्तालाई समेत यसले सहयोग पुऱ्याउने हुनाले शोधकार्यको औचित्य र महत्व स्वतः पुष्टि हुन्छ।

## अध्ययनको सीमाङ्कन

शोध अध्ययनको क्षेत्र विस्तृत र व्यापक हुने हुनाले यसलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ। यसर्थ उपन्यासकार कृष्ण धारावासीको 'राधा' (२०७०) उपन्यासमा प्रयुक्त कथानक तथा पात्रहरुको शैलीवैज्ञानिक अध्ययनमा मात्र केन्द्रित रहनु यस शोधकार्यको सीमा रहेको छ। यस उपन्यासको कथानकीय तथ्याङ्क र पात्र विधानका विषयमा गहन अध्ययन भएको नपाइनाले पात्रविधानमा मात्र सीमित भएर कथानकको कथानकीय तथ्याङ्क र प्रमुख पात्र एवम् सहायक पात्रको विश्लेषण गर्नु यस अध्ययन कार्यको सीमा रहेको छ।

यस अध्ययनलाई जम्मा पाँच अध्यायमा संगठित गरिएको छ। अध्याय एकमा शोधपत्रको परिचय दिइएको छ। अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा दिइएको छ। अध्याय तीनमा शोधविधि र अध्ययन प्रक्रियाका बारेमा चर्चा गरिएको छ। अध्याय चारमा कृष्ण धारावासीको राधा (२०७०) उपन्यासमा प्रयुक्त कथानक र पात्रहरुको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण पूर्ववर्ती अध्याय दुईमा स्थापित कथानक र पात्र विधानको विधि वा पद्धतिका आधारमा गरिएको छ।

पौराणिक विषयवस्तुमा आधारित यस उपन्यासमा प्रयुक्त कथानकीय शैलीअनुसारका प्रमुख पात्र राधाका माध्यमबाट नारीले सामाजिक बन्धनहरुलाई सम्झौता गर्दै अगाडि बढ्नुपर्ने बाध्यात्मक परिस्थितिलाई प्रस्तुत गरिएको छ। चरित्र चित्रणको परिचय अर्न्तगत बाह्य, आन्तरिक र नाटकीय चरित्रचित्रणका बारेमा अध्ययन गरिएको छ भने कथकीय शैलीको नवीन प्रयोगले पौराणिक संघटनाहरुलाई कथास्वरुपमा मिलाएर राखेको छ। यद्दपि भौगोलिक परिवेशलाई नेपाली राष्ट्रिय परिवेशमा समायोजन गर्ने र रहस्यको उद्घाटनमा नौलो शैली अपनाई पौराणिक पात्र अश्वत्थामालाई नै रहस्यमयी बाबाको रुपमा उभ्याउँदै कथामा नवीनता ल्याउने प्रयत्न आफैमा जटिल भएपनि उपन्यासको सौन्दर्य बन्न पुगेकोले कथानकीय कोणबाट पनि उपन्यास अर्थपूर्ण बन्न पुगेको छ।

प्रस्तुत 'राधा' (२०७०) उपन्यासमा प्रयुक्त कथानकका आधारमा कृष्णको बाल्यकालीन रासलिलासम्मको कथानक वृन्दावन, गोकुलमा बितेको कथा पाइन्छ भने त्यस पछिको कथा कंश वधका लागि अगाडि बढेको र राधा र कृष्णको मिलन-विछोड-मिलन-विछोड जस्ता

घटनाले कथामा रौनकता थपेको देखिन्छ । यसैगरी राधाको सन्यास धारण र नेपालका प्रसिद्ध धार्मिक स्थलहरुको भ्रमण र पूर्वी झापा र विराटनगरको भ्रमणले नेपालको धार्मिक र राजनीतिक महत्वलाई पनि प्रस्ट पारेको छ । यसरी कथानकीय शृङ्खला अन्वित हुन पुगेको छ ।

पात्रीय कोणबाट राधा र कृष्ण यस उपन्यासका प्रमुख पात्रका रुपमा रहेका छन् भने वृषभानु, कलावती, शुशीला, विशाखा, नन्द राय, गर्गऋषि, चन्द्रभानु, अक्रूरजी, एकानंशा, पिल्ली, रुक्मिणी आदि पात्रहरु सहायक पात्रको रुपमा रहेका छन् । उनीहरुले प्रमुख पात्रको सहयोगी भएर उपन्यासलाई गतिशील तुल्याउँदै उद्देश्यन्मुख बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । यी बाहेक शशीकला, उद्धव, रोहित, यशोदा, बलराम, बासुदेव, देवकी, कंश, विशाखाकी आमाबुबा, चारुण र मुस्तक, पिल्लीकी सासु, कुन्ती, द्रौपदी, शेर्पा केटा, वीरसिंह, एउटा सिपाही, एउटा पागलजस्ती आइमाई आदि गौण पात्रहरु रहेका छन् । यी पात्रहरुको कार्यव्यपार उपन्यासमा न्यून रहे पनि प्रमुख तथा सहायक पात्रहरुको कार्य र भूमिकालाई सहयोग गर्ने काम गरेका छन् । यस अध्यायमा गौण पात्रहरुको पनि सामान्य चर्चा गरिएको छ ।

अन्तिम तथा पाँचौ अध्यायमा शोधपत्रको आध्यायगत सारांश तथा प्रत्येक अध्यायमा समावेश गरिएका कुराहरुलाई सारांश रुपमा प्रस्तुत गरिएको छ । साथै निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ ।

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याकथन | २ |
| १.३. अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको औचित्य र महत्व | २ |
| १.५ अध्ययनको सीमाङ्कन | २-३ |
| १.६ अध्ययनको रूपरेखा | ३ |


## अध्याय दुई

## पूर्वकार्यको पुनरावोलकन तथा सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| २.१ विषयप्रवेश | ४ |
| २.२ पूर्वकार्यको समीक्षा | ४-८ |
| २.३ पूर्वाध्यानको उपादेयता | ८ |
| २.३ सैद्धान्तिक अवधारणा | ८ |
| २.४.१ उपन्यासको विधागत स्वरूप | ८-१० |
| २.४.२. उपन्यासका तत्वहरू | १० |
| २.४.२.१ कथानकको परिचय र विश्लेषणका आधारहरू | १०-११ |
| २.४.२.२ चरित्र चित्रणसम्बन्धी शैलीवैज्ञानिक आधारहरू | ११-१४ |
| २.४.३ उपन्यासमा पात्रविधानको भूमिका तथा महत्व | १४-१५ |

## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया


३.१ परिचय १६

३.२ अध्ययनको ढाँचा १६

३.३ अध्ययनको क्षेत्र १६

३.४ सामग्री सङ्कलन विधि १६

३.५ व्याख्या तथा विश्लेषण विधि १६


## अध्याय चार

## व्याख्या र विश्लेषण


४.१ परिचय १७

४.२ चरित्र अध्ययनका सैद्धान्तिक आधारहरू १७-१९

४.३ पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण १९

४.३.१ राधा १९-२२

४.३.२ कृष्ण २३-२५

४.३.३. बृषभानु २५-२७

४.३.४. कलावती २७-२८

४.३.५. शुशीला २९-३०

४.३.६. विशाखा ३०-३२

४.३.७. नन्द राय ३२-३४

४.३.८. गर्ग ऋषि ३४-३६

४.३.९ चन्द्रभानु ३६-३८

४.३.१० अक्रूरजी ३८-४०

४.३.११ एकनंशा ४०-४२

४.३.१२ पिल्ली ४२-४३

४.३.१३ रुक्मिणी ४३-४५

४.४ गौण पात्रहरू ४५-५०

४.५. पात्र विश्लेषणको निष्कर्ष ५०

४.६ राधा उपन्यासको कथानकीय परिच्छेद विभाजन र कथानक ५०-५१

४.६.१ राधा उपन्यासको अध्यायगत कथानक तथ्याङ्क ५१-६४

## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

५.१. सारांश ६५-६६

५.२ निष्कर्ष ६६-६७

५.३. उपयोगिता ६७

क) नीतिगत तह ६७-६८

ख) प्रयोगगत तह ६८

५.४. भावी अनुसन्धानका सम्भावित शीर्षकहरु ६८

**सन्दर्भसामग्रीसूची**

# सन्दर्भसमाग्रीसूची


खगेन्द्रप्रसाद (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौ, विद्यार्थी पुस्तक भण्डार ।

गैरे, ईश्वरीप्रासाद (२०६६), **आधुनिक आख्यान** (प्र.सं.) कीर्तिपुर, क्षितिज प्रकाशन ।

चापागाई, नरेन्द्र (२०६२), **नेपाली शब्दभण्डार**, विराटनगर : श्याम पुस्तक भण्डार ।

जोशी, कुमारबहादुर (२०५७), **पाश्चात्य साहित्यका प्रमुख वाद** (चौ.सं.) ललितपुर : साझा प्रकाशन ।

धारावासी, कृष्ण (२०७०), **राधा** (दो.सं.) पुतलीसडक : पैरवी वुक हाउस ।

पहाडी कुलेश्वर (२०७०), **घाउका खाटाहरू उपन्यासमा पात्रविधान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. काठमाडौ ।

प्रधान, प्रताप (१९८३), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जिलिङ्: दीपा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य,** विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरी र एटम नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, इश्वर र अन्य (२०५५), **नोपली साहित्य कोश,** कमलादी : नेपाल रा.रा.प्र.प्र. ।

लुइटेल, खगेन्द्र (२०६८), **नेपाली उपन्यासको इतिहास,** काठमाडौँ : प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, गोविन्द प्रसाद (२०६०), **विश्वेश्वरप्रसाद कोइराला उपन्यासमा पात्रविधान,** काठमाडौँ : आर्केडिया पब्लिसिङ हाउस प्रा.लि. ।

राई, इन्द्रबहादुर (२०५८), **नेपाली उपन्यासका आधारहरू** (ते.सं.), ललितपुर : साझा प्रकाशन

थापा, बद्रिकुमार (२०७२), **सेतो धरती उपन्यासका पात्रहरूको शैलीवैज्ञानीक अध्ययन,** अप्रकाशित, नेपाली स्नातकोत्तर शोधपत्र, सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली ।

रेग्मी, पुष्पादेवी (२०६९), **बाबु, आमा र छोरा उपन्यासमा पात्रविधान,** अप्रकाशित नेपाली स्नातकोत्तर सोधपत्र, त्रिचन्द्र काठमाडौ ।

शर्मा, मोहनराज (२०५९), **शैलीविज्ञान** (दो.सं.) काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

शिवाकोटी, रमा (२०६२), **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,** भृकुटी मण्डप काठमाडौ : भृकुटी एकेडेमी पब्लिकेशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१) **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली,** ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २),** ललितपुर : साझा प्रकाशन ।

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | सन्जीमाया तामाङ |
| स्थायी ठेगाना | : | भिमस्थान-६, सिन्धुली |
| बुबाको नाम | : | जितपति भोलन |
| आमाको नाम | : | मिन्दीमाया भोलन |
| सम्पर्क नं. | : | ९८४४३२७२८९ |
| नागरिकता | : | नेपाली |
| शैक्षिक योग्यता | : | एम्.एड् (नेपाली) |
| एस.एल.सी | : | श्री भवानी उमावि भिमस्थान, सिन्धुली |
| प्रविणता प्रमाणपत्र | : | श्री भवानी उमावि भिमस्थान, सिन्धुली |
| स्नातक तह | : | तीनपाटन शिक्षा क्याम्पस, भिमस्थान, सिन्धुली |
| स्नातकोत्तर तह | : | सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली |